मध्य पहाडी क्षेत्र देखि उत्तरी हिमाली क्षेत्रसम्म फैलिएको आरुघाट गाउँपालिका बूढीगण्डकीको काखमा मुसुक्क मुस्कुराई रहन्छ ।मेरो मावली गाउँ भएको र आफ्नो बाल्यावस्थाको धैरै हिस्सा त्यही बिताएकाले होला समय र परिस्थितिले जहाँ जहाँ पुर्याए पनि मलाई यो ठाउँको सम्झनाले सधैँ पछ्याई रहन्छ ।

गोरखा क्याम्पसमा स्नातक तहमा अध्ययनरत म सदरमुकाम कै एक निजी विद्यालयमा अध्यापन समेत गर्दथें र स्वअध्यन मै पढाइलाई अघि बढाइरहेकै थिएँ ।यस्तैमा आरुघाट बजारमा अंग्रेजी माध्यममा पढाई हुने गरि सामुदायिक बोर्डिङ स्कूलको स्थापना भयो र मलाई पनि यसमा अवसर प्रदान गरियो ।
यतिखेर म अफुसग भएको थोरै तिनो शैक्षिक अनुभव , खुल्दै गरेको ब्यक्तित्व साथमा दुइ काखे छोराछोरी लिएर आरुघाटको लागी निस्केकी थिएँ , बाटो भरी बाल्यकालको मिठो सम्झना , बिध्यार्थी जीवनका रमाइला किस्साहरुको बेग सगै हुइकिरहेका थिए गाउ जाने बसमा। ऐले जस्तो पक्की बाटो थिएन , पानी जमेका खाल्टा खुल्टीमा बस फस्दथ्यो , बुढा , बुढी , काखे नानी र आमा बाहेक सबै जना बस बाट ओर्लिन्थे र होस्टे मा हैसे गर्दै बस धकेल्थे र फेरि बसमा आएर बस्थे। हरिया फाट , तरेली परेका पाखाहरु , बाटोको दुबै तिर सानो जङ्गल जस्तो छिचोल्दै बस आरुघाट आइपुग्यो।

ब्यापारिक ,ऐतिहासिक महत्व बोकेको आरुघाटलाई हामी बजार भन्छौँ ,नजिकका गाउँहरुबाट झारिएका माछा तरकारी बेचिन्थे यहाँ र किनिन्थे नुन , चिनी , जिरा मसला जस्ता बजारिया चिजबिज ।

मेरो मामाको घर माथि गाउँमा भएको र विद्यालय चाहिँ बेसीमा बजारमा भएकाले म मेरी आमा र दुई सन्तानलाई लिएर बजारमा एउटा घरमा डेरा गरी बस्न थाले ।
अत्यन्त उल्लासमय दिनचर्या थियो , मावली गाउको बिध्यालयकी अङ्ग्रेजी शिक्षिका थिए । हरेक बिहान नानीहरु बिध्यालय पुर्याउन आउदा आसा र भरोसा भरी नजरले नियाल्दै अबिभाबक हरु भन्नु हुन्थ्यो बक्चालाई राम्रो अङ्ग्रेजी सिकाउनुहोस है , म भित्र हुर्कदै शिक्षक मुसुक्क मुस्कुराउथ्यो र भन्ने गर्थ्यो अबस्य कोसिस गर्नेछु। प्रतिउत्तरमा म पनि मुस्कुराउथे । यसरी हरेक दिन थप उल्लास सगै थप जिम्मावारीको महशुस गर्दै थिएँ ।

मध्य पहाडी क्षेत्र देखि उत्तरी हिमाली क्षेत्रसम्म फैलिएको आरुघाट गाउँपालिका बूढीगण्डकीको काखमा मुसुक्क मुस्कुराई रहन्छ ।मेरो मावली गाउँ भएको र आफ्नो बाल्यावस्थाको धैरै हिस्सा त्यही बिताएकाले होला समय र परिस्थितिले जहाँ जहाँ पुर्याए पनि मलाई यो ठाउँको सम्झनाले सधैँ पछ्याई रहन्छ ।

गोरखा क्याम्पसमा स्नातक तहमा अध्ययनरत म सदरमुकाम कै एक निजी विद्यालयमा अध्यापन समेत गर्दथें र स्वअध्यन मै पढाइलाई अघि बढाइरहेकै थिएँ ।यस्तैमा आरुघाट बजारमा अंग्रेजी माध्यममा पढाई हुने गरि सामुदायिक बोर्डिङ स्कूलको स्थापना भयो र मलाई पनि यसमा अवसर प्रदान गरियो ।
यतिखेर म अफुसग भएको थोरै तिनो शैक्षिक अनुभव , खुल्दै गरेको ब्यक्तित्व साथमा दुइ काखे छोराछोरी लिएर आरुघाटको लागी निस्केकी थिएँ , बाटो भरी बाल्यकालको मिठो सम्झना , बिध्यार्थी जीवनका रमाइला किस्साहरुको बेग सगै हुइकिरहेका थिए गाउ जाने बसमा। ऐले जस्तो पक्की बाटो थिएन , पानी जमेका खाल्टा खुल्टीमा बस फस्दथ्यो , बुढा , बुढी , काखे नानी र आमा बाहेक सबै जना बस बाट ओर्लिन्थे र होस्टे मा हैसे गर्दै बस धकेल्थे र फेरि बसमा आएर बस्थे। हरिया फाट , तरेली परेका पाखाहरु , बाटोको दुबै तिर सानो जङ्गल जस्तो छिचोल्दै बस आरुघाट आइपुग्यो।

ब्यापारिक ,ऐतिहासिक महत्व बोकेको आरुघाटलाई हामी बजार भन्छौँ ,नजिकका गाउँहरुबाट झारिएका माछा तरकारी बेचिन्थे यहाँ र किनिन्थे नुन , चिनी , जिरा मसला जस्ता बजारिया चिजबिज ।

मेरो मामाको घर माथि गाउँमा भएको र विद्यालय चाहिँ बेसीमा बजारमा भएकाले म मेरी आमा र दुई सन्तानलाई लिएर बजारमा एउटा घरमा डेरा गरी बस्न थाले ।

अत्यन्त उल्लासमय दिनचर्या थियो ,  मावली गाउको बिध्यालयकी अङ्ग्रेजी शिक्षिका थिए । हरेक बिहान नानीहरु बिध्यालय पुर्याउन आउदा आसा र भरोसा भरी नजरले नियाल्दै अबिभाबक हरु भन्नु हुन्थ्यो बक्चालाई राम्रो अङ्ग्रेजी सिकाउनुहोस है ,  म भित्र हुर्कदै शिक्षक मुसुक्क मुस्कुराउथ्यो र भन्ने गर्थ्यो अबस्य कोसिस गर्नेछु। यसरी हरेक दिन थप उल्लास सगै थप जिम्मावारीको  महशुस गर्दै थिएँ ।

विद्यालय सुरु भएको तेस्रो दिनको कुरा हो ,कक्षा पाँचमा अंग्रेजी बिषय पढाइ रहेकी थिएँ , बिध्यार्थीहरुलाई कक्षा कार्य दिएर कक्षा कोठाको झ्यालबाट नजर  डुलाएँ , नजर टक्क अडियो एक महिलामा , तीस -बत्तिस बर्षकी हुँदि हुन् , मैलो पहिरन , मलिन अनुहारमा देखिन्थिन् , तिनैको खास्टोको फेर समातेर अघि पछि गरिरहेकी थिइन् ६ -७ बर्षिय नानी ।

ति महिला समोसा पसलमा पस्न खोजिन् , साहुनिले हातको भाउ लगाएर बाहिर जाऊ भने जस्तो लाग्यो , मन मनै भनेँ एउटा समोसा दिएको भए के जान्थ्यो ! कक्षाकोठामै भावनाको डुङ्गामा डुबिरहँदा म , छेवैकी विद्यार्थी कुसुमको आवाज , 'म्याम हजुरले त्यो लाटीलाई हेर्नु भएको हो ?' ले , म झस्किएँ र सोधेँ ,उनी बोल्न सक्दिनन् ? ३-४ जना जो बजारमै हुर्किएका थिए , उनीहरुले भने ऊ लाटी हो , उसको छोरी पनि लाटी । मलाई नमिठो लाग्यो ।

त्यो दिनको कक्षा सकिएपछि विद्यार्थीहरु घर पठाएर हामी पनि आ-आफ्नो घर तिर  लाग्यौं । घर पुगेर खाजा खाँदै छोराछोरीसँग एकै छिन भुलेँ । दिनभरिको थकान छिनमै छु: मन्तर  भए झैं लाग्यो। ।बेलुकीको आठ बजेतिर खाना खाइवरी कोठाको झ्यालबाट बजार नियाल्दै थिएँ , बिजुलीको उज्यालोमा बजार नव बधु झैं अत्यन्त सुन्दर देखियो । मान्छे हरुको ओहोरदोहोर र हल्ला कम भैसकेलाले  बुढी गन्डकीको सुसाहट  स्पस्ट सुनिन्थ्यो , सङ्गीत जस्तै मीठो बनेर तरङ्गित बनाईरहेथ्यो हृदय । यस्तैमा घर छेउको भिमसेन थानको पेटीमा मेरो दृस्टी पुग्यो , दृष्यमा थिए तिनै आमा छोरी ।

एक मनमा आयो ति आमाछोरीले केही खाए होलान् ?
अर्को मनले भन्यो राति के गर्ने हो र  ह्या होस्
झ्यालमा सटेर खाट राखिएको थियो , सिरक ओडेर खाटमा  भोलिपल्टको कक्षा तयारी स्वरुप बसेर पढ्न थाले प्यडोराज बक्स कक्षा पाचको गुलमोहर अंग्रेजी पुस्तक भित्रको ।बेलुका अबेर सम्म बस्ने र बिहान ढिलो उठ्ने मेरो बानी देखि परिचित मेरी आमा  केही नभनी सुत्नु भयो ।बजार पनि करिब करिब  सुतिसकेको थियो , केही घरका कोठामा  बाहेक बिजुली बत्ती निभिसकेको थियो

।म पनि सुत्ने तरखरमा बत्ती निभाउन उठे । फेरि डुल्यो नजर भिमसेनथानको  पेटीमा ।
एउटा धमिलो छाँया पेटीतिर लम्कियो , यता उता हेर्यो , र चपक्क ती महिलाको हात समातेर तल्लो बजारको लुकेको गल्ली तिर लाग्यो  र पछि पछि लागिन ति बालिका पनि ।

को होला त्यो मान्छे,  किन  आयो  मध्यरातमा  त्यहाँ  , मनमा
प्रस्नको आधी हुरी चलिरह्यो ,  राती अबेरसम्म निन्द्रा लागेन ।पटकपटक चियाइ रहे आखाहरु झ्याल बाट  ति अझै फर्किएका थिएनन् । बिहान पख निदाएछु ।

भोलिपल्ट शनिबारको दिन थियो , राति अबेरसम्म बसेकाले होला बिहान ढिलो उठेछु । कोठाको झ्यालबाट सूर्यनारायण छिरी सक्नुभएको थियो  ।मधुरो आवजमा आमाले भन्नुभयो  उठ ! बिदाको दिन भए पनि बिहानभर सुत्ने  होइन,

काखको छोरो मस्त निदाईरहेको थियो ,म बिस्तारै उठे , नित्यकर्म सकेर  एकैछिन छोराछोरी सग भुले ।

आमाको हातले बनाएको मीठो चिया पिएँ , कुरिरहे बिहानको खाना । खाना पछि बजारतिर लहडिदै थिए , धेरै जसो पसलेहरुलाइ  चिन्दथेँ , नाता मावली गाउँले दिएकै थियो ,मामा ,माइजू , दाई भाई यस्तै यस्तै । बैशाखको महिना टन्टलापुर घाम , खाल्डोमा भएको  आरुघाट बजार ।एकछिनमै असिन पसिन हुँदै म छिरे उही  समोसा पसल जहाँ फ्रीजमा  राखेको चिसो कोकाकोला र फ्यान्टा किन्न पाइन्थ्यो उसो त त्यतिखेर फ्रीज पनि जहाँ तही उपलब्ध थिएन ।

एउटा कोकाकोलाको बोटल टेबलमा राखेर  साहुनी माइजुले भन्नु भो , बस्नुस न भान्जी । बसेर कोक पिउदै थिए , लुसुक्क
लाटीका आमा छोरी पसलमा पसे ।यसपटक साहुनीले
फ्रिज खोलेर एक एक समोसा  दुबैका हातमा राखिदिइन् , जम्ले हात जोड्दै ति महिला बाहिरिन् , पछि पछि लागिन बालिका पनि । साहुनी एकोहोरो फत्फताउन लागिन , वाक्कै पारिसके बासै यहीँ हो यी लाटीका आमा छोरीको । पसल ब्यस्त नभएको र प्रसङ्ग पनि तिनैको चलिरहेको बेला मैले  ति महिला बारे जान्ने चाहनाले सोधे कहाँ का रहेछन यिनीहरु माइजु , कता बस्छन यहाँ ।
प्रतिउत्तरमा माइजुले  भन्नु भयो , यिनीहरूको  के घर थर नानी । सात आठ वर्ष जति भयो , यो लाटी यहाँ देखिन थालेकी ।एक्लै आएकी थि , कुन असतीको पाप हो झुन्ड्याई हिड्छे आजभोली। छोरी चाही पनि बोल्न सक्दिन । दिनभर यतै बजार तिरै हुन्छन
रातभरि  कहाँ कोसँग  पत्तो हुन्न ।पापको डर नभएपछि यस्तै हो असतीहरु ।

साहुनी यस्तै के के भन्दै थिईन , मेरो मन अमिलो भयो म ,  कोकाकोलाको पैसा  तिरेर बाहिरिए। बजारमा मन लागेन सरासर घर फर्किएँ । छोराछोरी हजुरआमा सग खेलिरहेका , म सग भन्दा बढी मेरो आमासगै रहने बानी परिसकेको थियो। म बच्चाहरु सग बसे आमाले खाजा बनाउनु भयो । खाजा खादै गर्दा आमालाई ती महिलालाई देखेको कुरा गरेँ , आमाले खासै केही बोल्नु भएन । आखिर यी  नदेखिने , नलेखिने र नपढिने कथा न हुन समाजका । घाम डुब्यो , बजार बिस्तारै सुन्य भयो ,  झ्याउँकीरीको  आवाज र बुढी गन्डकीको सुसाहटले सङ्गीतमय बन्यो बजार।
बाकी दैनिकी साझको खाना पछि,  छोराछोरी सुताउनु ,  एकछिन झ्यालबाट बजार नियाल्नु ,  किन किन मलाई बिजुली बत्तीको उज्यालोमा बस्ती नियाल्न खुब मन पर्छ । नजर भिमसेन थान पुग्न बाट रोकिएन , बत्तीको उज्यालोमा ती आमा छोरीलाई स्पस्ट देखे ।
यो कथा लेखिरहदा मैले लाजले शिर झुकाउनु पर्ने कैयन् मोडहरु छन त्यो दिन पनि झरिन म अलिकति खाना लिएर तिनका लागि ,  मैले बिरलै मात्र भरे तिनीहरुको पोल्टो भोकको  औसधीले , म मा लज्जा छ तर मेरो कर्मको सत्य यही हो ।

त्यो रात म खाटमा बसेर बसाई उपन्यास पढदै थिए , पाठ्य पुस्तक कै रुपमा अगाडी नै पढिसकेको भए पनि उत्तिकै चासोका साथ पढिरहेकी थिए बसाइँ । रात निकै बितेछ , खाटमा सुतेको छोरो ब्युझिएर रुन थाल्यो , हत्तपत्त काखमा लिएँ , आमा रिसाउने निस्चित थियो।आमाले दिक्क मान्दै भन्नु भयो रातीको नानी आमाको न्यानो खोकिलो

खोज्छ नि अझै सुत्ने होइन । सुत्ने सुत्ने आमा , ओछ्यान छेउकै ब्याट्रीले चल्ने बत्ती बाले र छोरो काखमै लिएर बिजुली बत्ती मार्न उठे।

अनायासै नजर फेरि पोखियो भिमसेन थानको पेटीमा , वरपर अध्यारो थियो , यस्तैमा अघिल्लो रात जसरी नै एउटा छायाँ ति महिला भएतिर लाग्यो र चप्प तिनको हात समात्यो र लाग्यो उही तल्लो बजारको अध्यारो गल्ली तिर पछि लागिन ति बालीका पनि। दिउसो पसल्नी माइजू ले भनेको कुरा याद आयो , रिसले दात कटकटाए । बेसरी हल्ला गरिदिउ सोच्दै थिए। यतिन्जेल ति सबै ओझेल भैसकेका थिए।
चुप चाप ओछ्यानमा फर्किएर छोरो काखमा च्यापेर पल्टिरहे , मनमा कुरा खेलाउदा खेलाउदै निदाए।

भोलिपल्ट बिध्यालय सकिएपछि त्यहींकी स्थानिय शिक्षिका एबम मेरी बालसखा उनीकहा पसेर खाजा खान आग्रह गरिन , बचपनमा उनको घरमा पाक्ने रागाको मासु नखाएको निहुमा हप्ता दिनसम्म पनि नबोलेको कुरा गर्दै खुब रमाइलो सग साथी को आमाले बनाउनु भएको खाजा खाईवरी हिड्ने बेलामा अप्ठ्यारो मान्दै गत २ रात देखि देखिरहेको त्यो दृश्य बारे बताए। उनले भनिन चासो नदेउ झ्याउ हुन्छ
।उनको प्रतिक्रिया मन नपरे पनि , खाली भोली भेटौला धन्यवाद मीठो खाजाको लागि भन्दै छुटिएर घरतिर लागे ।

यही थियो मेरो एकनासको दैनिकी , मैले कुनै रात छुटाइन भिमसेन थानको पेटी नियाल्न , ती आमा छोरीको खबर लिन र चुपचाप तन्नेरी र बुढा पुरुष छायालाई हेरिरहन , मन मनै धिक्कार्न ।
यो सब देखेर पनि एक मुकदर्शक भै बसेकोमा हजुरहरु मलाई मान्छे भन्दा तलको जुन श्रेणीमा राख्नुहोस स्विकार्य छ ।